# पकहाँ मैनपुर गाउँपालिका केही कानुन तर्जुमा र व्यवस्था गर्न बनेको

# विधेयक, २०७६

गाउँसभाबाट पारित मितिः- २०७६/०७/०८

गा.पा. अध्यक्षबाट प्रमाणित मितिः- २०७६/०७/१५

पकहाँ मैनपुर गाउँपालिका

पकहाँ मैनपुर, पर्सा

# पकाहाँ मैनपुर गाउँपालिका

## पकाहाँ मैनपुर, पर्सा

### पकाहाँ मैनपुर गाउँपालिका केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको विधेयक, २०७६

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूचि ८ एकल अधिकार र अनुसूचि ९ सयूक्त अधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको य अधिकारहरुको कार्यान्वयन मार्फत सुशासन र समृद्धि अभियानलाई अघि बढाउनुपर्ने र संघीय तथा प्रदेश कानूनले व्यवस्था गरेको अवस्थामा सोही बमोजिम हुने गरी पकाहाँ मैनपुर गाउँपालिकामा आवश्यक ऐन, कानून, नियमावली र कार्यविधिहरु तर्जुमा गर्न वाञ्छनिय भएकोले

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले **पकाहाँ मैनपुर गाउँपालिका केही ऐन, कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७६** पारित गरेको छ ।

**परिच्छेद- १**
**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पकाहाँ मैनपुर गाउँपालिका केही ऐन, कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन गाउँपालिकाको राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(१) "गाउँपालिका" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका सम्झनुपर्छ ।

(२) "गाउँ सभा" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(४) "अध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(५) "उपाध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्छ । सो शब्दले कार्यपालिका तथा गाउँ सभा सदस्य सचिव समेतलाई जनाउँछ ।

(७) "वडा समिति" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(८) "वडा अध्यक्ष" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

अध्यक्ष

पकाहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकाहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

(९) "कार्यपालिका सदस्य" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(१०) "सदस्य" भन्नाले पकाहाँ मैनपुर गाउँपालिका गाउँ सभा सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ ।

(११) "कर्मचारी" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकामा तोकिएको कामकालागि तलब सुविधा प्राप्त गर्ने गरी विभिन्न प्रकृति र तहमा नियुक्ति व्यक्तिलाई सम्झनु पर्छ ।

(१२) "कानून" भन्नाले संघीय संसद, प्रदेश संसद र पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभाले पारित गरेको ऐन कानून, र नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यसै ऐनले दिएको अधिकार प्रयोग गरी कार्यपालिकावाट अध्यादेशको रुपमा जारी गरेको ऐन कानून समेतलाई सम्झनुपर्छ ।

(१३) "अध्यादेश" भन्नाले पकाहाँ मैनपुर गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर गाउँ सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशको रुपमा जारी गरेको तथा गर्ने ऐन, कानूनलाई सम्झनुपर्छ ।

(१४) "नियम" भन्नाले गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ र गाउँ सभाले पारित गरेको ऐन तथा कार्यपालिकाले अध्यादेश जारी गरी वनेको ऐन समेतको अधिनमा रही कार्यपालिकावाट जारी भएको नियम, नियमावली, कार्यविधि दिग्दर्शन, निर्देशिका, आदेश आदिलाई सम्झनुपर्छ ।

(१५) "राजपत्र" भन्नाले गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न पकाहाँ मैनपुर गाउँपालिकाको गाउँ सभा र कार्यपालिकाबाट पारित गरी सारोकारवाला तथा गाउँपालिका वासीलाई जानकारी गराउन एवं लागु भएको घोषणा गर्न जारी गरेको पकाहाँ मैनपुर गाउँपालिकाको आधिकारीक राजपत्र (सुचना पत्र) सम्झनुपर्छ ।

## परिच्छेद- २
## आवश्यक कानून तर्जुमा सम्वन्धी व्यवस्था

**(३) गाउँपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्ने:**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्य संघीय तथा प्रदेश कानून बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गाउँ सभाले आवश्यक विधेयकहरु पारित गरी लागु गर्नसक्नेछ ।

पकाहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकाहाँ मैनपुर, पर्सा
प्रदेश नं. २ नेपाल

(२) उपदफा (१) बमोजिमका विधेयकहरु बनाउने/पारित गर्ने कार्य गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम पकाहाँ मैनपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिमका विधेयकहरु पारित गर्न गाउँ कार्यपालिकाको बैठकले पारित गरी गाउँ सभामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) वमोजिम पारित विधेयकहरु पारित भएको ७ दिन भित्र गाउँपालिका अध्यक्ष वाट प्रमाणित गरिनेछ ।

(५) पारित विधेयकहरु उपदफा (४) वमोजिम गाउँपालिका अध्यक्ष वाट प्रमाणित भएपछी उक्त विधेयकहरु गाउँपालिकाको ऐन हुनेछ ।

(६) गाउँपालिकाका ऐनहरु अध्यक्षको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पकाहाँ मैनपुर गाउँपालिकाको राजपत्रमा प्रकाशित गर्नेछ ।

(७) पारित भई प्रमाणित भएर वनेका ऐनहरु गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

(८) कार्यपालिकाले पारित गरी गाउँ सभामा पेश गर्ने, पारित गर्ने, प्रमाणित गर्ने, तथा राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

**(४) अध्यादेश वाट कानून बनाउन सक्ने:**

(१) नेपालको संविधानको अनुसूचि ८ र अनुसूचि ९ तथा संघीय, प्रदेश कानून एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर गाउँ सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशबाट विधेयक पारीत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयक वनाउदा/पारित गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्रै बनाउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम पारित विधेयकहरु पारित भएको ३ दिन भित्र गाउँपालिका अध्यक्ष वाट प्रमाणित गरिनेछ ।

(४) कार्यपालिका वाट अध्यादेशको रुपमा पारित विधेयकहरु उपदफा (३) वमोजिम गाउँपालिका अध्यक्ष वाट प्रमाणित भएपछी उक्त विधेयकहरु गाउँपालिकाको ऐन हुनेछ ।

(५) उपदफा (४) वमोजिमका गाउँपालिकाको ऐनहरु अध्यक्षको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले पकाहाँ मैनपुर गाउँपालिकाको राजपत्रमा प्रकाशित गर्नेछ ।

(६) अध्यादेश विधेयकको रुपमा पारित भई प्रमाणित भएर वनेका ऐनहरु गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

(७) उपदफा (६) वमोजिम लागु भएका ऐन त्यस पछी हुने गाउँ सभा भए सम्म वा छ महिनासम्म कायम रहनेछ ।

(८) अध्यादेश जारीबाट वनेको ऐनको निरन्तरताका लागी जारी भएको ६ महिना भित्र गाउँ सभाले पारित गर्नुपर्नेछ ।

(९) कार्यपालिकाले अध्यादेशबाट जारी गरेको ऐन जारि भएपछी हुने गाउँ सभाले पारित नगरेको अवस्थामा पारित नगरेको दिन बाट स्वत: बदर हुनेछ ।

(१०) अध्यदेश विधेयक तयारी पारित गर्ने, प्रमाणित गर्ने, तथा राजपत्रमा प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

(११) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका वाट पारित भई जारी भएको अध्यादेश विधेयक बाट वनेको ऐन अनुसार कार्यान्वयन भए/गरिएका काम कारवाही प्रचलित कानून अनुसार भएको मानिनेछ ।

**(५) नियम, निर्देशिका, कार्यविधि बनाउने सक्ने:**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले पकाहाँ मैनपुर गाउँपालिका लाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ वमोजिम वनेका पकाहाँ मैनपुर गाउपालिकाका ऐनहरुको अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ का उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्न गराउन कार्यपालिकाले आवश्यक नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन बनाई लागु गर्नसक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएता पनि नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित ऐन कानूनले पकाहाँ मैनपुर गाउँपालिकाको क्षेत्राधिकारमा तोकेको तर सो सम्वन्धमा गाउँपालिकाको ऐन कूनमा प्रष्ट नभएको वा आवश्यक ऐन पारित भई नसकेको अवस्थामा तत्काल कुनै कार्य प्रकृया गर्नु परेमा पछी वन्ने ऐन कानूनले तोके बमोजिम हुने गरी यस ऐनको अधिनमा रही आफ्ना अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न कार्यपालिकाले आवश्यक नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन बनाई लागु गर्नसक्नेछ ।

(३) उपदफा (२) अनुसार वनेका नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन त्यस पछि वस्ने गाउँ सभाको बैठकले ऐन पारीत गरी लागु नगरे सम्मका लागी मात्र हुनेछ ।

(४) उपदफा (३) ले तोके अनुसार ऐन पारित भई जारी भए पछी उपदफा (१) अनुसारको नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन खारेज हुनेछ तर उक्त नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शनका आधारमा भए गरेका कामहरु सोही ऐन अनुसार भएको मानिनेछ ।

(५) उपदफा (१) तथा उपदफा (२) वमोजिम पारित नियम नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन अध्यक्ष वाट प्रमाणित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको दिन वाट लागु हुनेछ ।

(६) नियम नियमावली, कार्यविधि निर्देशिका, दिग्दर्शन पारित, प्रमाणित तथा राजपत्र प्रकाशन हुने विधी तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -३
## ऐन, नियम, निर्णय, आदेश तथा अधिकारपत्र प्रमाणिकरण

**(६) गाउँ सभा लिखत वा कागजातको प्रमाणीकरण**

(१) गाउँ सभाबाट पारित भएको विधेयकलाई गाउँ सभाको सदस्य सचिवले पारित विधेयक, संशोधन तथा आनुषंगिक मिलान आदी प्रमाणिकरणको लागी तयार गर्नेछ ।

(२) गाउँ सभाबाट पारित भएको विधेयक तथा अन्य पारित प्रस्तावहरु सदस्य सचिवले अभिलेखिकरण प्रमाणिकरणका लागी तयार गर्नेछ ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिम तयार विधेयक, संशोधन, आनुषंगिक मिलान तथा अन्य प्रस्तावहरु गाउँपालिका अध्यक्ष वाट प्रमाणिकरण गरिनेछ ।

(४) उपदफा (१) र उपदफा (२) अनुसार तयार भई उपदफा (३) अनुसार प्रमाणिकरण भएका विषयहरु गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**(७) कार्यपालिकाको निर्णय, लिखत वा कागजातको प्रमाणीकरण**

(१) गाउँपालिकाको लागी आवश्यक नीति, नियम **निर्देशिका तथा कार्यविधि** कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि अध्यक्षले प्रमाणीकरण गर्नेछ ।

(२) कार्यपालिकावाट पारित भएको अन्य पारित प्रस्ताव, निर्णय तथा अभिलेखहरु सदस्य सचिववाट प्रमाणिकरण गरिनेछ ।

**(८) न्यायिक समितिको निणर्य वा आदेशको प्रमाणीकरण :**

(१) न्यायिक समितिको निर्णय वा आदेश उक्त समितिका संयोजक र सदस्यहरुले संयूक्त रुपमा प्रमाणित गर्नेछन ।

(२) यस दफा बमोजिम भएको निर्णय वा आदेशको पतिलिपी (नक्कल) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले प्रमाणित गर्नेछ ।

पकाहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

(९) **अन्य प्रमाणीकरण :**

(१) संविधान वा अन्य प्रचलित कानून बमोजिम कार्यपालिकाबाट जारी हुने आदेश वा अधिकारपत्रको प्रमाणीकरण अध्यक्षले गर्नेछ ।

(२) स्थानीयस्तरको सूचना तथा तथ्यांक, स्वीकृत बार्षिक कार्यक्रम, योजना तथा बजेट एवं कार्ययोजनाको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) गाउँपालिकामा रहेको सूचना वा तथ्यांक सम्बन्धित शाखा प्रमुखले प्रमाणित गर्नेछ ।

(४) गाउँपालिकासँग सम्बन्धित अन्य लिखत वा कागजातको प्रमाणीकरण गर्दा कार्यपालिकाबाट निर्णय भएका वा कार्यालयवाट जारी भएका लिखत वा कागजातको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास लिखत वा कागजात प्रमाणीकरणका लागि कानून बमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो लिखत वा कागजात त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनेछ ।

(१०) **प्रमाणिकरण प्रकाशन तथा लागु हुने**

(१) पकाहाँ मैनपुर गाउपालिकाको ऐन, नियम, कार्यविधि, निर्देशिका, विधी सम्मत पारित भई तोकिए वमोजिमको विधी र प्रकृया वाट प्रमाणिकरण हुनेछ ।

(२) प्रमाणिकरण भएपछी गाउपालिकाको राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

(३) अन्य लिखत, आदेश, प्रमाण, प्रतिलिपी प्रमाणित लगायतका प्रमाणिकरण कार्य तोकिए वमोजिम हुनेछ ।

(४) गाउँपालिका राजपत्र प्रकाशन कार्यविधी तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद- ४
## विविध

(११) **बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । उक्त आदेश त्यस पछी हुने गाउँ सभाले पारित गरेको हद सम्म मात्र कायम हुनेछ ।

(१२) **खारेजी र बचाउः**

(१) यस ऐन प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म खारेज भएको मानिने छ ।

(२) यस ऐन लागु हुनुभन्दा अगावै प्रचलित कानून बमोजिम भएका काम कारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) संघीय तथा प्रदेश कानून वन्दा वनाउदा अन्यथा भएमा यस ऐन सोही अनुसार भएको मानिनेछ ।

(४) तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, कार्यविधि नआएसम्म गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ ।

**(१३). संसोधन तथा खारेजी:**

(१) यस ऐनको संसोधन वा खारेजी कार्यपालिकाको प्रस्तावमा गाउँ सभाले गर्न सक्नेछ ।

(२) गाउँ सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा प्रमाणित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति वाट लागु हुनेछ ।

**प्रमाणित गर्ने**

हस्ताक्षर ..............

नामः- श्री विजय कुमार चौरासिया

पदः- पकाहाँ मैनपुर गाउँपालिका अध्यक्ष

पारित मितिः- २०७६/०७/०८

प्रमाणित मितिः- २०७६/०७/१५

प्रमाणित कानून पाना (पेज) सख्यः- ७ (सात)